# विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चको कार्यसञ्चालन मार्गदर्शन, २०७७

(विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ६ बमोजिमको कार्यकारी समितिद्वारा मिति: २०७७/०६/२० मा स्वीकृत)

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाण्डौ ।

# विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चको कार्यसञ्चालन मार्गदर्शन, २०७७

**प्रस्तावना**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा क्रियाशील सरकारी गैर सरकारी, निजी, प्राज्ञिक र सञ्चार क्षेत्र समेतको एकीकृत र संयुक्त राष्ट्र संघ विपद् जोखिम न्यूनीकरण अन्तर्राष्ट्रिय सचिवालयबाट विश्वव्यापी रूपमा विभिन्न तहमा विपद् जोखिम न्यूनीकरण कार्यमञ्च गठन गरी विपद् व्यवस्थापनका कार्यलाई समन्वयात्मक र प्रभावकारी बनाउन सबै सरकारलाई आग्रह गरेबमोजिम समन्वयात्मक तवरले सहकार्य गर्नका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिबाट"विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चको कार्यसञ्चालन मार्गदर्शन, २०७७" स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेदः १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस मार्गदर्शनको नाम "विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चको कार्यसञ्चालन मार्गदर्शन, २०७७" रहेको छ ।

(२) यो मार्गदर्शन विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा,–

(क) "ऐन" भन्नाले नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५, (२०७५।११।१९) सम्झनु पर्दछ ।

(ख) "कार्यकारी समिति" भन्नाले सङ्घीय ऐनको दफा ६ बमोजिमको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति सम्झनुपर्दछ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस मार्गदर्शनद्वारा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(घ) "प्रदेश कार्यमञ्च" भन्नाले मार्गदर्शनको दफा १० बमोजिम प्रदेश विपद् व्यवस्थापन परिषदबाट गठन भऐको विपद् जोखिम न्यूनीकरण प्रदेशस्तरीय कार्यमञ्च सम्झनु पर्दछ ।

(ङ) "प्राधिकरण" भन्नाले ऐनको दफा १० बमोजिम गठन भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनु पर्दछ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

(च) “मन्त्रालय” भन्नाले गृह मन्त्रालय सम्झनु पर्दछ ।

(छ) “राष्ट्रिय परिषद्” भन्नाले ऐनको दफा ३ बमोजिम गठित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् सम्झनुपर्दछ ।

(ज) “राष्ट्रिय कार्यमञ्च” भन्नाले मार्गदर्शनको दफा ५ बमोजिम गठन भएको विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च सम्झनु पर्दछ ।

(झ) “विपद् प्रभावित” भन्नाले विपद्का कारण जीवन, जीविकोपार्जन, शिक्षा तथा स्वास्थ्य सेवामा प्रतिकूल असर परी त्यसबाट प्रत्यक्ष र परोक्ष रूपमा प्रभावित भएका व्यक्ति, परिवार वा समूहलाई सम्झनुपर्छ ।

(ञ) “विभिन्न तह” भन्नाले विश्वव्यापी वा अन्तर्राष्ट्रिय, क्षेत्रीय, प्रदेश, जिल्ला, राष्ट्रिय र स्थानीय तहलाई जनाउनेछ ।

(ट) “स्थानीय कार्यमञ्च” भन्नाले मार्गदर्शनको दफा १० बमोजिम स्थानीय विपद् व्यवस्थापन समितिबाट गठन भएको विपद् जोखिम न्यूनीकरण स्थानीय कार्यमञ्च सम्झनु पर्दछ ।

(ठ) “सचिवालय” भन्नाले कार्यमञ्चको दैनिक कार्यसञ्चालनका लागि हालसम्म जिम्मेवारी सम्हाल्दै आएको "प्रकोप पूर्वतयारी सञ्जाल नेपाल (डिपीनेट-नेपाल)"लाई सम्झनु पर्दछ ।

(ड) “सरोकारवाला निकाय”भन्नाले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा विपद् व्यवस्थापनमा सहयोग प्रदान गर्ने वा गर्न सक्ने सरकारी, संयुक्त राष्ट्रसंघीय निकाय, गैरसरकारी संस्था वा निकाय, सामुदायिक संघ वा संस्थालाई जनाउँछ ।

(ढ) “सरोकारवाला समूह” भन्नाले यस मार्गदर्शनको दफा ८ बमोजिम गठन भएका सरोकारवाला समूहलाई सम्झनु पर्दछ ।

(ण) “सार्वजनिक संस्था” भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आशिंक स्वामित्व भएको संस्था, प्रचलित कानुन बमोजिम स्थापना भएका सङ्गठित संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्था सम्झनु पर्दछ ।

## ३. मार्गदर्शनको उद्देश्य

विपद् उत्थानशील मुलुकको विकासका लागि विपद् जोखिम न्यूनीकरणका कार्यलाई प्रभावकारी बनाउन सबै तह तथा निकायमा यसको अवधारणा विस्तार गर्दै विकाससँग सम्बन्धित सबै विषयगत क्षेत्रका समस्याको सम्बोधनको लागि आवश्यक सुधारका क्षेत्र पहिचान गरी सहकार्य अभिवृद्धि गरी सबै क्षेत्रको सहभागिता सुनिश्चित गर्ने आधार तयार गर्नु यस मार्गदर्शनको मूल उद्देश्य रहेको छ । यस मार्गदर्शनका उद्देश्य देहायबमोजिम् रहेका छन् :

(क) विपद् जोखिम न्यूनीकरणका गतिविधिलाई सहभागितामूलक रूपमा कार्यान्वयनमा लैजान बहूसरोकारवाला निकायबीच समन्वय, सहकार्य र साझेदारी अभिवृद्धि गर्नु,

(ख) जनचेतना अभिवृद्धिको माध्यमबाट विपद् जोखिम न्यूनीकरणका लागि नीति, रणनीति, योजना र कार्यक्रमको विकास र कार्यान्वयन मार्फत् समाजका सबै तह र पक्षमा सुरक्षित संस्कृतिको विकास गर्न सघाउनु,

(ग) विपद् जोखिम न्यूनीकरणका कार्यलाई राष्ट्रिय नीति, विकाससँग सम्बन्धित विषयगत क्षेत्रका योजना र कार्यक्रमका साथै अन्तर्राष्ट्रिय र द्विपक्षीय सहयोगका क्षेत्रमा समायोजन गर्न सहजीकरण गर्नु,

(घ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार संचालन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०१८-२०३०

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

सहितका दस्तावेजले परिकल्पना गरेको मुलुकको उत्थानशील विकासका लागि सार्वजनिक र निजी लगानी बढाउन सहजीकरण गर्नु,

(ङ) आपत्कालीन मानवीय सहयोग र विपद्पछि "पहिलेभन्दा अझ राम्रो" निर्माणको अवधारणालाई प्रभावकारी बनाउन समन्वय, सहकार्य, साझेदारी र क्षमता विकासमा सघाउनु ।

## ४. राष्ट्रिय कार्यमञ्चको कार्यक्षेत्र

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च सरकारी निकाय, दातृ निकाय, गैरसरकारी निकाय वा संस्था, सामुदायिक संस्था, निजी क्षेत्र, सञ्चारजगतलगायत आम समुदायमा विपद् जोखिम न्यूनीकरणका लागि समन्वय, सहकार्य, साझेदारी गर्ने सहभागिता मूलक मञ्च भएकोले यसका कार्यक्षेत्रहरु निम्नानुसारका हुनेछनः

१. कार्यमञ्चले संयुक्त राष्ट्र संघीय विपद् जोखिम न्यूनीकरण सचिवालयको विपद् जोखिम न्यूनीकरण कार्यमञ्चको दिग्दर्शनलाई भावी गन्तव्यको आधार मान्दै नेपालको आफ्नो वस्तुस्थिति तथा वास्तविकतामा आधारित क्षेत्रहरुमा सम्बन्धित गतिबिधीहरु गर्नेछ ।

२. विपद् जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा आपत्कालीन मानवीय सहयोगका सन्दर्भमा समन्वय, सहकार्य, साझेदारी, अध्ययन, अनुसन्धान र ज्ञान आदान प्रदान गर्ने साझा मञ्चको भूमिका निर्वाह गर्नेछ ।

# परिच्छेद : २

# कार्यमञ्चको गठन र काम कर्तव्य तथा अधिकार

## ५. राष्ट्रिय कार्यमञ्चको गठन

(१) विपद् जोखिम न्यूनीकरण कार्यमञ्चको कार्यसञ्चालनका लागि देहायबमोजिमको क्षेत्रबाट पदाधिकारी र सदस्य रहेको एक राष्ट्रिय कार्यमिति गठन हुनेछ :

| | |
|---|---|
| (क) प्राधिकरणका कार्यकारी प्रमुख | अध्यक्ष |
| (ख) नेपाल सरकारको बिभिन्न मन्त्रालयका विपद् व्यवस्थापन हेर्ने सहसचिव | सदस्य |
| (ग) राष्ट्रिय योजना आयोगका विपद् व्यवस्थापन सम्पर्क व्यक्ति | सदस्य |
| (घ) संयुक्त राष्ट्र संघीय समूहका संयोजक | सदस्य |
| (ङ) सरकारी निकाय समूहका संयोजक | सदस्य |
| (च) अर्धसरकारी निकाय समूहका संयोजक | सदस्य |
| (छ) दातृ निकाय समूहका संयोजक | सदस्य |
| (ज) अन्तर्राष्ट्रिय गैरसरकारी संस्था समूहका संयोजक | सदस्य |

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

| | |
|---|---|
| (झ) राष्ट्रिय गैरसरकारी संस्था समूहका संयोजक | सदस्य |
| (ञ) प्राज्ञिक तथा अनुसन्धानमूलक समूहका संयोजक | सदस्य |
| (ट) निजी क्षेत्र समूहका संयोजक | सदस्य |
| (ठ) सञ्चार समूहका संयोजक | सदस्य |
| (ड) समुदायमा आधारित संस्था वा सञ्जाल समूहका संयोजक | सदस्य |
| (ढ) विपद् प्रभावित समूहका प्रतिनीधि | सदस्य |
| (ण) विपद् व्यवस्थापनका क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिमध्येबाट अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र कम्तीमा २ जना महिलासहित ५ जना मनोनित | सदस्य |
| (त) प्रकोप पूर्वतयारी सञ्जाल-नेपालका अध्यक्ष | सदस्य-सचिव |

(२) उपदफा १ (ण) बमोजिम मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

(३) माथि जुनसुकै कुरा लेखिएको भएतापनि पदावधि सकिएका सदस्यलाई राष्ट्रिय कार्यसमितिले थप एक कार्यकालका लागि पुनः मनोनित गर्नसक्नेछ ।

(४) कार्यमञ्चले आवश्यकताअनुसार कुनै सरकारी अधिकारी र सरोकारवालाका प्रतिनिधि वा विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) कार्यमञ्चले आफ्नो प्रतिक चिन्ह (Logo) र लेटरप्याड तयार गरी कार्यमञ्चको बैठकबाट स्वीकृत गरी प्रयोगमा ल्याउन सक्नेछ ।

## ६. राष्ट्रिय कार्यमञ्चको बैठक सम्बन्धी व्यवस्था

(१) कार्यमञ्चको बैठक वर्षमा कम्तीमा २ पटक बस्नेछ । आवश्यकता अनुसार जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ ।

(२) कार्यमञ्चको अध्यक्षको निर्देशनमा सदस्य सचिवले बैठक बस्ने मिति, समय, स्थान बैठकको कार्यसूची सहितको सूचना बैठक बस्नुभन्दा सात दिन अगावै सबै सदस्यलाई पठाउनु पर्नेछ । तर कार्यमञ्चको बैठक तत्कालै बस्नुपर्ने अवस्था भएमा अध्यक्षको सहमतिमा कार्यमञ्चको बैठक तत्कालै पनि बोलाउन सक्नेछ ।

(३) कार्यमञ्चका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) कार्यमञ्चको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(५) कार्यमञ्चको निर्णय उपस्थित सदस्यको बहुमतबाट हुनेछ । मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

(६) कार्यमञ्चको बैठकको निर्णय अध्यक्षबाट प्रमाणित गराउनु पर्नेछ ।

## ७. राष्ट्रिय कार्यमञ्चको काम, कर्तव्य तथा अधिकार

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ :

(१) विपद् जोखिम न्यूनीकरणतथा व्यवस्थापनसम्बन्धी उपलब्धि, सिकाइ, चुनौती र आवश्यकता आपसमा आदानप्रदान गर्न आधुनिक संचार तथा प्रबिधि र भर्चूअल प्लाटफर्म समेतको अधिकतमा प्रयोग गरी अनवरत संवाद तथा सहकार्य गरी नेपाललाई विपद्बाट सुरक्षित बनाउने,

(२) विपद् जोखिम न्यूनीकरणमा भएका असल अभ्यास र नीतिगत व्यवस्थालाई समुदायसम्म सम्प्रेशण गरी उत्थानशीलता अभिवृद्धि गर्न योगदान गर्ने,

(३) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा सबै निकाय र क्षेत्रगत समूहबीच समन्वय, सहकार्य, साझेदारी, ज्ञान प्रवर्द्धन, सीप विकासका कार्यलाई समयानुकूल बनाउन सम्बन्धित निकाय र सरोकारवालालाई सुझाव दिने,

(४) विपद् जोखिमबारेको बुझाइमा एकरुपता ल्याउन जोखिम लेखाजोखा, सूचनाप्रणालीको विकास र विस्तार, आपत्कालीन मानवीय सहयोगका विधि र मापदण्डबारे ज्ञान अभिवृद्धि गर्ने, गराउने,

(५) विपद्बाट अत्याधिक प्रभावित हुने सीमान्तकृत वर्ग, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिका प्राथमिकता पहिचान गर्न तथा समावेशी विपद् व्यवस्थापनको प्रवर्द्धन गर्न सहजीकरण गर्ने,

(६) विपद् जोखिम न्यूनीकरणलाई संघीय, प्रादेशिक र स्थानीय विकासका विषयगत क्षेत्रमा मूलप्रवाहीकरण गर्न सहजीकरण गर्ने,

(७) विषयगत समूहबाट प्राप्त सुझाव र सिफारिसको गहन विश्लेषण गरी तिनको यथासम्भव सम्बोधन गर्न सम्बन्धित निकायलाई सिफारिस गर्ने र त्यसका लागि सहजीकरण गर्ने,

(८) विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी र आपत्कालीन मानवीय सहयोगलाई स्थानीय तहसम्म सुनिश्चित गर्न अन्तर्राष्ट्रिय लगानीलाई प्रोत्साहन गरी सहकार्य र साझेदारी अभिवृद्धिमा सघाउने,

(९) सरकारी निकाय, दाता, अन्तर्राष्ट्रिय विकास बैंक र आफ्नो मुलुकमा भएका वा नभएका संयुक्त राष्ट्रसंघीय निकायबाट लगानी प्रवर्द्धनका लागि सहजीकरण गर्ने,

(१०) सरकारी निकाय र गैरसरकारी क्षेत्रबाट विपद् व्यवस्थापनमा भएका राम्रा कार्यलाई विस्तार गर्न, आवश्यकताअनुरुप सुधार गर्न सल्लाह र सुझाव दिने,

(११) नीतिगत व्यवस्थामा सुधारका क्षेत्र पहिचान गरी समयानुकूल नीतिगत तथा कानुनी व्यवस्था सुनिश्चित गर्न पहल गर्ने,

(१२) सङ्घ, प्रदेश र स्थानीयतहमा समन्वय, साझेदारी र सहकार्य प्रवर्द्धन गर्न कार्यमञ्चको विस्तार गर्ने,

(१३) विपद् व्यवस्थापनका क्षेत्रमा भएका असल अभ्यासको लेखाङ्कन, अभिलेखीकरण तथा प्रकाशन गर्ने र नियमीत रूपमा नेपाल विपद् प्रतिवेदनहरु प्रकाशन गर्न सहयोग गर्ने,

(१४) विपद् उत्थानशील समुदायको विकासका लागि विपद् जोखिम न्यूनीकरण सम्बन्धी परम्परागत ज्ञान, सीप र प्रविधिको प्रबर्द्धन गर्दै आधुनिक प्रविधिको विकास र प्रविधि हस्तान्तरणमा सघाउने,

(१५) दिगो विकास लक्ष्य र सेन्डाइ कार्यढाँचालाई आधार मानी बनेको विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०१८-२०३० अनुरुप अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजना कार्यान्वयनमा सहजीकरण गर्ने,

(१६) बहूसरोकारवाला समूहसँग सम्पर्क, समन्वय, छलफल र सल्लाहद्वारा सुरक्षित नेपालको विकासका लागि विकासका विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गरी विपद् जोखिम न्यूनीकरण गर्न सम्बद्ध सरोकारवालाको क्षमता अभिवृद्धिमा सघाउ पुर्याउने,

(१७) विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी राष्ट्रिय कार्यशालाको आयोजना गर्ने वा त्यसका लागि सहयोग र सहजीकरण गर्ने,

(१८) प्रदेश र स्थानीय तहमा कार्यमञ्च गठन गर्न पहल गर्ने र गठन भएका त्यस्ता कार्यमञ्चको अभिलेख राखी आपसमा सूचना र सम्वादमार्फत् विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका विषय सम्बोधन गर्न पहल गर्ने,

(१९) विपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका सन्दर्भमा मुलुकको संघीयदेखि स्थानीयतहसम्म समयानुकूल कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने ।

## ८. सरोकारवाला समूहको गठन, काम, कर्तव्य र अधिकार

(१) विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चअन्तर्गत देहायबमोजिम विषयगत सरोकारवाला समूह गठन हुनेछन् :

(क) सरकारी निकायको समूह : संवैधानिक निकाय, मन्त्रालय, नेपाल सरकारका आयोग, सचिवालय, विभागका अधिकारी यस समूहमा रहनेछन् ।

(ख) सार्वजनिक संस्थान तथा अर्धसरकारी निकायको समूह : सरकारको स्वामित्वमा स्थापित अर्धसरकारी निकायहरू जस्तैः कर्मचारी सञ्चय कोष, बिमा समिति, पर्यटन बोर्ड, नेपाल विद्युत् प्राधिकरण, नागरिक उड्डयन प्राधिकरण, साल्ट ट्रेडिङ कर्पोरेसन, नेपाल आयल निगम, दूरसञ्चार प्राधिकरण आदि यस समूहमा रहनेछन् ।

(ग) प्राज्ञिक तथा अनुसन्धानमूलक समूह : विश्वविद्यालय, शैक्षिक प्रतिष्ठान र अनुसन्धानमूलक प्राज्ञिक निकायहरू यस समूहमा रहनेछन् ।

(घ) विकास साझेदार तथा संयुक्त राष्ट्र सङ्घीय समूह : नेपालस्थित संयुक्त राष्ट्र सङ्घीय कार्यालयहरू, द्विपक्षीय तथा युरोपियन युनियनका नेपालस्थित निकाय, विश्व बैंक, एसियाली विकास बैंक आदि यस समूहमा पर्नेछन् ।

(ङ) अन्तर्राष्ट्रिय गैरसरकारी संस्था समूह : विपद् जोखिम न्यूनीकरण र आपत्कालीन मानवीय सहयोगमा कार्य गर्ने समाज कल्याण मन्त्रालयसँग स्वीकृति प्राप्त नेपालमा कार्यरत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको समूह यसअन्तर्गत पर्नेछन् ।

(च) राष्ट्रिय गैरसरकारी संस्था समूह : विपद् जोखिम व्यवस्थापन र आपत्कालीन मानवीय सहयोगमा कार्यरत नेपालमा दर्ता रहेका गैरसरकारी संस्था, उपभोक्ता समूह, संजालहरु यस समूहमा रहनेछन् ।

(छ) व्यवसायिक प्रतिष्ठान तथा निजी क्षेत्रका समूह : नाफा आर्जन गर्ने लक्ष्य लिई निजी क्षेत्रबाट सञ्चालन भएका व्यपारिक प्रतिष्ठान, बैंक, वित्तीय तथा सहकारी संस्थाहरु, औद्येगिक प्रतिष्ठानहरू र तिनका सङ्घ तथा महासङ्घहरू यस समूहमा पर्ने छन् ।

(ज) सूचना प्रविधि तथा सञ्चार समूह : सरकारी वा निजी रूपमा स्थापित सबै प्रकारका सञ्चार माध्यम यस समूहअन्तर्गत पर्नेछन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

(झ) विपद् प्रभावित समूह : जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तनबाट प्रभावित तथा अनुकूलनका लागि समुदाय वा बस्ती तहमा एकीकृत भई कार्य गर्ने समुदायमा आधारित संस्था वा समूह र तिनको सञ्जाल यस समूहमा पर्नेछन् ।

(२) सरोकारवाला समूहमा सदस्यको सीमा रहनेछैन । यो खुला मञ्चको अङ्ग भएकाले सकेसम्म सम्बन्धित समूहमा सकेसम्म धेरै व्यक्ति वा संस्था वा सङ्गठनका प्रतिनिधिको उपस्थितिका लागि संयोजकले भूमिका निर्वाह गर्नेछन् ।

(३) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको सहयोगलाई एकीकृतरुपमा परिचालन गर्न आवश्यकता अनुसार विषयगत कार्यमञ्च (थिम्याटिक प्लाटफार्म) समेत गठन गर्न सकिनेछ । यसरी गठन भएका विषयगत कार्यमञ्चको काम, कर्तव्य र अधिकार सो गठन गर्ने निर्णयमा उल्लेख भएअनुसार हुनेछ ।

## ९. सरोकारवाला समूहको बैठक सम्बन्धी व्यवस्था

(१) दफा ८(१) मा उल्लेखित सबै सरोकारवाला समूहको बैठक सामान्यतया राष्ट्रिय कार्यमञ्चको बैठक हुनुपहिले बस्नुपर्नेछ ।

(२) सरोकारवाला समूहको संयोजक वा निजले तोकेको व्यक्तिले बैठक बस्ने मिति, समय, स्थान र बैठकको कार्यसूची सहितको सूचना बैठक बस्नुभन्दा सात दिन अगावै आफ्नो समूहमा पर्ने सबै निकायलाई पठाउनु पर्नेछ ।
तर सरोकारवाला समूहको बैठक तत्कालै बस्नुपर्ने अवस्था भएमा संयोजकले बैठक जुनसुकै समयमा पनि बोलाउन सक्नेछ ।

(३) सबै सरोकारवाला समूहको लागि बैठकको गणपुरक सङ्ख्या आवश्यक पर्ने छैन ।

(४) समूहको बैठक संयोजकको अध्यक्षतामा बस्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूबाट छानिएको व्यक्तिको अध्यक्षतामा बस्नेछ ।

(५) सरोकारवाला समूहको निर्णय उपस्थित सदस्यको बहुमतबाट हुनेछ । मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

(६) सरोकारवाला समूहको बैठकको थप कार्यविधि समूह आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

(७) बैठकको निर्णय संयोजकबाट प्रमाणित गराउनु पर्नेछ ।

## १०. सरोकारवाला समूहको काम, कर्तव्य र अधिकार

सरोकारवाला सबै समूहको काम कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ :

(१) प्रत्येक सरोकारवाला समूहले आफ्ना क्षेत्रका विपद् सम्बन्धी सवालमा आन्तरिक छलफल र निर्णय गरी आवश्यक कार्यका लागि राष्ट्रिय कार्यमञ्चमार्फत सरकार वा सम्बन्धित निकाय समक्ष सुझाव प्रस्तत गर्नु,

(२) विपद् उत्थानशीलता अभिवृद्धिका लागि समन्वय, सहकार्य, साझेदारीमार्फत् विपद् जोखिमबारे सम्बन्धित सरोकारवालामा ज्ञान, सीपको प्रवर्द्धन, सूचना आदानप्रदान, लगानी अभिवृद्धिका कार्यलाई प्रवर्द्धन गर्नु,

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

(३) राष्ट्रिय कार्यमञ्चबाट प्राप्त मार्गदर्शनलाई आधार मानेर सरोकारवालाहरूले गरेको कामको अनुगमन गरी नेपाललाई सन् २०३० सम्म विपद्बाट सुरक्षित बनाउन सहजीकरण गर्नु,

(४) राष्ट्रिय कार्यमञ्चले गरेका निर्णयको कार्यान्वयन गर्न सहयोग गर्नु,

(५) सरोकारवाला समूहअन्तर्गतका कार्यको पहिचान र कार्यान्वयनका लागि आवश्यक ढाँचा तयार गरी कार्यान्वयन गर्नु,

(६) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी नीति, ऐन, रणनीतिक कार्ययोजना, कार्यढाँचाको कार्यान्वयनमा सहजीकरण र सहयोग गर्नु ।

## ११. प्रादेशिक र स्थानीय कार्यमञ्चको गठन काम, कर्तव्य र अधिकार

(१) यस मार्गदर्शन र विपद् व्यवस्थापनसम्बन्धी सम्बन्धित प्रदेश वा स्थानीय ऐनलाई समेत आधार मानेर प्रदेश र स्थानीय सरकारले आफ्नो अनुकूल प्रदेश र स्थानीय कार्यमञ्च गठन गर्न सक्नेछन् ।

(२) प्रदेश र स्थानीय कार्यमञ्च, सरोकारवाला समूहको गठन स्थानीय आवश्यकताअनुसार हुनेछ ।

(३) प्रदेश र स्थानीय कार्यमञ्चको मार्गदर्शन सम्बन्धित तहका विपद् व्यवस्थापन समितिले स्वीकृत गर्नेछन् ।

(४) प्रदेश र स्थानीय कार्यमञ्चको काम कर्तव्य तथा अधिकार सम्बन्धित तहको कार्यमञ्चको गठन र संचालन सम्बन्धी मार्गदर्शन बमोजिम हुनेछ ।

(५) प्रदेश र स्थानीय कार्यमञ्चले, प्रदेश र स्थानीय विपद् व्यवस्थापन समिति र निकायसँग समन्वय गरी कार्य गर्नु पर्नेछ ।

(६) स्थानीय कार्यमञ्चले प्रदेश कार्यमञ्चलाई र प्रदेश कार्यमञ्चले राष्ट्रिय कार्यमञ्चलाई कार्यमञ्च गठन भएको जानकारी गराई निर्णयहरू जानकारी गराउने र समन्वययात्मकरुपमा सहकार्य गर्नु पर्नेछ ।

# परिच्छेदः३

# सचिवालयको व्यवस्था र काम, कर्तव्य तथा अधिकार

## १२. राष्ट्रिय कार्यमञ्चको सचिवालय र सचिवालयको काम, कर्तव्य तथा अधिकार

(१) विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चको कार्यसञ्चालनका लागि "प्रकोप पूर्वतयारी सञ्जाल-नेपाल (डिपी-नेट)" ले सचिवालयको रूपमा काम गर्नेछ ।

(२) सचिवालयको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम् हुनेछ :

(क) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्, राष्ट्रिय कार्यकारी समिति र प्राधिकरणबाट भएका निर्णय र निर्देशन बमोजिम कार्य गर्ने,

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

(ख) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित बहुसरोकारवाला समूहलाई राष्ट्रिय तथा स्थानीयतहसम्म प्रवाह गर्न सहजीकरण गर्ने,

(ग) स्थानीय तहका सवाल तथा विषयलाई संघीय तहसम्म ल्याएर एकीकृत रूपमा विकासका विषयगत क्षेत्रमा समायोजन गर्दै उत्थानशीलता अभिवृद्धिका लागि सरकारी तथा गैसरकारी क्षेत्रबाट गरिने कार्यलाई प्रभावकारी बनाउन विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चले गरेका निर्णयको कार्यान्वयनका लागि आवश्यक कार्य गर्ने,

(घ) नीतिगत रुपमा नेपाल सरकार गृह मन्त्रालयबाट प्राप्त निर्देशन बमोजिम राष्ट्रिय कार्यमञ्चका कार्यक्रम सञ्चालन गर्ने,

(ङ) विपद् व्यवस्थापन सम्बन्धमा प्राधिकरणबाट प्राप्त सुझाव र सल्लाह बमोजिम् राष्ट्रिय कार्यमञ्चले गर्नुपर्ने भनिएका कार्य गर्ने,

(च) कार्यमञ्चको नियमित कार्य सम्पादनका लागि प्राविधिक तथा व्यवस्थापकीय कार्य गर्ने,

(छ) बहूसरोकारवाला समूहहरूको नियमित बैठक गराई कार्यमञ्चबाट सम्पादन हुने कार्यलाई सहजीकरण गर्ने र त्यसका लागि आवश्यक पर्ने प्रबन्धन गर्ने,

(ज) कार्यमञ्चको वार्षिक कार्यक्रम तयार गरी बैठकमा प्रस्तुत गरी स्वीकृत कार्यक्रम सञ्चालन गर्ने,

(झ) कार्यमञ्चका बहूसरोकारवाला समूह र कार्यमञ्चबीच समन्वयकारी भूमिका निर्वाह गरी सरोकारवाला समूहहरूबाट प्राप्त सुझाव र सल्लाह राष्ट्रिय बैठकमा प्रस्तुत गर्ने,

(ञ) विपद् व्यवस्थापन सम्बन्धी महत्वपूर्ण दस्तावेज तथा श्रोत सामाग्रीहरुलाई अनलाइन भण्डारणको ब्यवस्था मिलाउने ।

(ट) विपद् व्यवस्थापन सम्बन्धी विभिन्न ज्ञानबर्द्धक सामग्री, असल अभ्यास, विपद् प्रतिवेदन जस्ता सामग्री अनुवाद, प्रकाशन, प्रशारण र वितरण गर्ने,

(ठ) सचिवालयको प्रभावकारी सञ्चालनका लागि आवश्यक पर्ने कर्मचारी, कार्यालय र अन्य व्यवस्था मिलाउने,

## परिच्छेद : ४

## कोष व्यवस्थापन

### १३. राष्ट्रिय कार्यमञ्चको कोष व्यवस्थापन

(१) राष्ट्रिय कार्यमञ्च सञ्चालनका लागि सचिवालयको रेखदेखमा एक छुट्टै कोष रहनेछ ।

(२) कोषमा देहायबमोजिमका रकमहरू रहनेछन् :

(क) प्राधिकरणबाट प्राप्त अनुदान रकम ।

(ग) कार्यमञ्चले निर्णय गरेबमोजिम् कार्यक्रम सञ्चालनका लागि मानवीय सहयोगको क्षेत्रमा क्रियाशील राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकाय वा विकास साझेदारबाट प्राप्त रकम ।

(घ) कानूनबमोजिम कुनै स्रोतबाट प्राप्त रकम ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

(३) कोषको सञ्चालन कार्यमञ्चबाट भएको निर्णयबमोजिम सचिवालयले गर्नेछ ।

(४) कोषको रकम कार्यमञ्चको उद्देश्य प्राप्तिका लागि गरिने कार्यक्रम, तोकिएका कर्मचारी र सचिवालय सञ्चालनबाहेक अन्य उद्देश्य पूर्तिका लागि प्रयोग हुनेछैन ।

(५) कोषबाट खर्च गर्दा सचिवालयको आर्थिक नियमावली अनुरुप र नियमावलीमा उल्लेख नभएको अवस्थामा प्रचलित कानुनबमोजिम् हुनेछ ।

(६) कोषको लेखापरीक्षण व्यवसायिक प्रमाणपत्र प्राप्त लेखापरीक्षकबाट गराउनु पर्नेछ ।

(७) सचिवालयले कोषको वार्षिक आय व्ययको प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र लेखापरीक्षण गराई कार्यमञ्चको निर्णयबमोजिम सार्वजनिक गर्नुपर्नेछ ।

## परिच्छेद : ५

## विविध

**१४. प्राधिकरणको भूमिका**

कार्यमञ्चको वार्षिक कार्यक्रम सञ्चालनका लागि प्राधिकरण र कार्यमञ्चले सचिवालयको भूमिकालाई प्रभावकारी बनाउन देहायबमोजिमको सहयोग र मार्गदर्शन गर्नेछ :

(क) सचिवालयलाई आवश्यकता अनुसार दिशानिर्देश गर्ने ।

(ख) सचिवालयका कार्यको अनुगमन, मूल्याङ्कन गरी सुधारका क्षेत्र पहिल्याउन मार्गदर्शन गर्ने ।

(ग) सरकारका प्राथमिकता, गैरसरकारी क्षेत्रका कार्यक्रमलाई समेत एकीकृत गरी समन्वयात्मक भूमिका निर्वाह गर्न सहयोग गर्ने ।

(घ) सचिवालय र कार्यमञ्चका निर्धारित कार्यक्रमका लागि आवश्यक आर्थिक तथा मानवीय स्रोत व्यवस्थापनमा सहयोग, सहजीकरण र मार्गदर्शन गर्ने ।

(ङ) विपद् जोखिम राष्ट्रिय कार्यमञ्चको राष्ट्रिय समितिअन्तर्गत प्रदेश र स्थानीय तहमा विस्तार गर्ने संरचनाको विकासमा सहयोग गर्ने ।

(च) आवश्यक पर्ने सबै प्रकारका कार्य गर्न सचिवालयलाई दिशानिर्देश गर्ने ।

**१५. गृह मन्त्रालयको भूमिका**

(क) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सबै क्षेत्रको प्रभावकारिता बढाउन राष्ट्रिय कार्यमञ्चमार्फत् आवश्यक निर्देशन गर्ने ।

(ख) राष्ट्रिय कार्यमञ्चको सञ्चालन र स्थायित्वका लागि सरकारबाट सहयोग उपलब्ध गराउन सहयोग गर्ने ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

**१६. निर्देशनको पालना गर्नुपर्ने**

सचिवालयले यस मार्गदर्शनमा भएका कार्य तोकिएबमोजिम र अन्य अवस्थामा प्राधिकारणबाट प्राप्त मार्गनिर्देशन बमोजिम गर्नुपर्नेछ ।

**१७. अभिलेख राख्नुपर्ने**

कार्यमञ्चका सम्पूर्ण निर्णय र अन्य दस्तावेजको अभिलेख सुरक्षित रूपमा राख्नु पर्नेछ ।

**१८. निर्देशिका जारी गर्न सक्ने**

कार्यमञ्चको कार्यसञ्चालकालागि मार्गदर्शन बमोजिमका काम गर्न गराउन निर्देशिका जारी गर्न सक्नेछ ।

**१९. संशोधन गर्न सकिने**

मार्गदर्शनमा आवश्यक संशोधन गर्नु परेमा राष्ट्रिय कार्यमञ्चले कार्यकारी समितिबाट निर्णय गराई आवश्यक संशोधन गर्न सक्नेछ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण